नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धादिङ

फोनः ०१०-५२०१२१
०१०-५२०१३३
फ्याक्सः ०१०-५२०२७७
daodhading@moha.gov.np

प.सं. २०७७/७८

**जिल्ला प्रशासन कार्यालय, धादिङका प्रमुख जिल्ला अधिकारीबाट जारी निषेधाज्ञाको आदेश ।**

विश्वभर फैलिँदै गएको नयाँ भेरियन्ट सहितको कोभिड-१९ को रोकथाम, नियन्त्रण, निदान र उपचारसम्बन्धी कार्यलाई धादिङ जिल्लामा व्यवस्थित गर्न मिति २०७८।०२।१५ गते राति १२.०० बजेसम्म जारी निषेध आदेशलाई संक्रामक रोग ऐन, २०२० को दफा २, कोभिड-१९ संकट व्यवस्थापन अध्यादेश, २०७८ को दफा ४ र स्थानीय प्रशासन ऐन, २०२८ को दफा ६(३) बमोजिम परिमार्जन सहित मिति २०७८।०२।२२ गते राति १२.०० बजेसम्म निरन्तरता दिइएको व्यहोरा अनुरोध छ । यो आदेशको पालना गर्नु गराउनु सबै व्यक्ति, संघ, संस्था, पेशाकर्मी, व्यवसायी तथा आम नागरिकको कर्तव्य हुनेछ ।

१. **निषेध गरिएका कार्य र सेवाः**

क. सर्वसाधारण नागरिकलाई अत्यावश्यक बाहेक घर बाहिर निस्किन र हिँडडुल गर्न ।

ख. शैक्षिक संस्था, तालिम तथा प्रशिक्षण केन्द्रहरू सञ्चालन ।

ग. अत्यावश्यक बाहेकका सार्वजनिक एवम् निजी सवारी साधन सञ्चालन ।

घ. औषधी/खाद्यान्न बाहेक अन्य पसलहरू, होटल, पार्टी प्यालेस, डान्स बार, दोहोरी, नाँचघर, क्लब, स्वीमिङ पुल, फनपार्क, हाटबजार र मानिसहरूको भिडभाड हुने अन्य सबै प्रकारका कार्य ।

ङ. धार्मिक स्थलहरूमा गरिने नित्य पूजा बाहेकका कार्य, सार्वजनिक जमघट र भेला हुन ।

च. रङ्गशाला, खेलकुदस्थल, फुटसल, जिमखाना, फिटनेस सेन्टर, सैलुन र ब्युटीपार्लर सञ्चालन ।

छ. सूर्ती, चुरोट र मदिराजन्य उत्पादनहरू जिल्ला भित्र एक ठाउँबाट अर्को ठाउँमा ओसार पसार गर्न र बिक्री वितरण गर्न रोक लगाउने ।

२. **स्वास्थ्य सुरक्षाका मापदण्ड पालना र सामाजिक दूरी कायम गरी/गराई निम्न क्रियाकलाप सञ्चालन गर्न/गराउन सकिनेः**

**क. जुनसुकै समयमा गर्नेः**

अ. सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित स्वास्थ्य संस्था, अस्पताल, नर्सिङ् होम, पोलिक्लिनिक, ल्याब, डाइग्नोष्टिक सेन्टरहरू तथा औषधी पसलहरू (आयुर्वेद, होमयोप्याथिक समेत) को सञ्चालन ।

आ. पशुपन्छी/माछा/माछाको भुरा/कुखुरा पालन/कुखुराको चल्ला तथा अन्य पशुपन्छी र सोको लागि आवश्यक दाना र नर्सरीबाट बिरुवा, घाँस तथा दाना उत्पादन ।

इ. फलफूल, तरकारी, दूध र दूग्धजन्य पदार्थको उत्पादन, संकलन र भण्डारण ।

ई. एग्रोभेट र भेटेरिनरी औषधी पसलहरूको सञ्चालन र तत्सम्बन्धी सेवा ।

उ. कृषि सामग्री, रासायनिक एवम् प्राङ्गारिक मल बोकेका ढुवानीका साधनहरू ।

ऊ. एम्बुलेन्स सेवा, दमकल, शववाहन, सुरक्षा निकायका सवारी साधन र बिरामी बोकेका सवारी साधन ।

ए. बढीमा ५ जना कामदार रहने गरी सवारी साधन मर्मत गर्ने वर्कसप, इन्टरनेट जडान र मर्मत, प्लम्बिङ, इलेक्ट्रिकल सेवा र पेट्रोल पम्प सञ्चालन ।

ऐ. कामदारहरू उद्योग परिसरभित्रै रहने गरी, आवासीय रूपमा राखी, बाहिर ननिस्किने व्यवस्था मिलाई उद्योग कलकारखाना सञ्चालन गर्न ।

ओ. खाद्य सामग्री, एम्बुलेन्स, खानेपानी, स्वास्थ्य, सञ्चार माध्यम, रेडक्रस, खाद्यान्न, तरकारी, फलफूल, दूरसञ्चार, विद्युत, फोहोरमैला व्यवस्थापन, ग्याँस, पेट्रोलियम पदार्थ लगायतका ढुवानी तथा यातायातका साधनमा विषय उल्लेख गरी परिचयपत्र बोकेर सञ्चालन गर्ने ।

ज्ञान प्रसाद ढकाल
प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
धादिङ

फोन: ०१०-५२०१२१
०१०-५२०१३३
फ्याक्स: ०१०-५२०२७७
daodhading@moha.gov.np

प.सं. २०७७/७८

ख. तोकिए बमोजिम गर्ने:

अ. खाद्यान्न, फलफूल, तरकारी, दूग्धजन्य पदार्थ र **फ्रेस हाउस तथा मासु पसल** लगायतका अत्यावश्यक सामग्री बिक्री गर्ने पसलहरू खोल्न सकिने **(बिहान ६.०० बजेदेखि ९.०० बजेसम्म)** ।

आ. टेक अवे सेवा दिन चाहने होटल तथा रेष्टुरेन्टहरूले सोको सूचना टाँस गरी बिहान ८.०० बजेदेखि बेलुका ८.०० बजेसम्म मात्र सेवा उपलब्ध गराउने ।

इ. जिल्ला भित्रका बैंक तथा वित्तीय संस्थाहरू आलोपालो प्रणालीअनुसार न्यूनतम कर्मचारी खटिई, स्वास्थ्य तथा सुरक्षाका मापदण्ड पालना गरी/गराई **हप्ताको दुई दिन** दिनमात्र खोल्ने ।

ई. अत्यावश्यक सेवा प्रदान गर्ने सरकारी कार्यालय र सार्वजनिक संस्थामा न्यूनतम कर्मचारीलाई आलोपालो मिलाई सञ्चालन गर्ने । सोको व्यवस्था कार्यालय प्रमुखले मिलाउने ।

उ. विवाह, ब्रतबन्ध, मृत्यु संस्कार लगायतका अत्यावश्यक परम्परागत धार्मिक तथा सांस्कृतिक कार्यहरू **अधिकतम् १० जना** सहभागी भई आफ्नो घर वा बसेको स्थानमा मात्र गर्ने ।

ऊ. अत्यावश्यक सेवामा संलग्न हुने कर्मचारीलाई आइतबारदेखि बिहीबारसम्म बिहान ९ देखि १० बजेसम्म र साँझ ५ देखि ६ बजेसम्म तथा शुक्रबार बिहान ९ देखि १० बजेसम्म र दिनको ३ देखि ४ बजेसम्म पोशाक र परिचयपत्रका आधारमा मात्र आवतजावत गर्न दिने ।

**यस आदेशको पालना नगरेको खण्डमा वा उल्लंघन गरेको पाइएमा देहायबमोजिम सजाय हुनेछः**

अ. कसैले यस मापदण्डको पालना नगरेमा **छ महिनासम्म कैद** वा **तीन लाख रुपैयाँसम्म** जरिवाना वा दुवै सजाय हुनेछ ।

आ. यस अध्यादेश बमोजिम दिइएको आदेश उल्लंघन गरेमा तत्काल देहाय बमोजिम जरिवाना गर्न सकिनेछः

क) कुनै व्यक्तिले उल्लंघन गरेकोमा **एक लाख रुपैयाँसम्म** ।

ख) कुनै संस्थाले उल्लंघन गरेकोमा **पाँच लाख रुपैयाँसम्म** ।

इ. कसैले देहाय बमोजिमको कार्य गरे गराएमा सुरक्षाकर्मीले देहाय बमोजिम तत्काल जरिवाना गर्नेछः

क) मास्क नलगाई सार्वजनिक स्थलमा आवतजावत गरेमा **पटकै पिच्छे एक सय रुपैयाँ** ।

ख) मानिसको आवतजावतमा रोक लगाइएको वा नियन्त्रण गरिएको अवस्थामा सोको उल्लंघन गर्नेलाई **पटकै पिच्छे दुई सय रुपैयाँ** ।

ग) सवारी साधनको आवतजावतमा रोक लगाएको अवस्थामा सम्बन्धित अधिकारीको अनुमति बिना वा सुरक्षाकर्मीलाई सूचना नदिई वा बिरामी ओसार पसार गर्ने अवस्थामा बाहेक सवारी साधन चलाएमा पटकै पिच्छे **दुईपांग्रे सवारी साधन भए दुई हजार र अन्य सवारी साधन भए पाँच हजार रुपैयाँ जरिवाना** ।

घ) खण्ड ग बमोजिमको सवारी साधन सुरक्षाकर्मीले निश्चित समयसम्म नियन्त्रणमा लिनेछ ।

ई. व्यवसायीहरूले नियमित आपूर्ति नगरी, कृत्रिम अभाव देखाइ मूल्यवृद्धि, कालोबजारी, जम्माखोरी गर्ने वा लुकाउने वा आपूर्तिमा अवरोध गरेको पाइएमा त्यस्ता व्यक्ति वा व्यवसायीलाई प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ ।

मितिः २०७८।०२।१४ गते

२०७८।२।१४

ज्ञान प्रसाद ढकाल
प्रमुख जिल्ला अधिकारी

ज्ञान प्रसाद ढकाल
प्रमुख जिल्ला अधिकारी